कार्यपालिका बैठक सङ्ख्याः १(पहिलो)

अध्यक्षताः ठान बहादुर रोकाया

मितिः २०८१/०४/१९

समयः बिहान १० बजे

स्थानः सर्केगाड गाउँ कार्यपालिकाको कार्यालय

उपस्थितिः

| क्र. सं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | ठान बहादुर रोकाया | अध्यक्ष | |
| २ | चन्द्र सिंह कार्की | उपाध्यक्ष | |
| ३ | बल बहादुर कार्की | वडा नं. १ अध्यक्ष | |
| ४ | सिद्ध कार्की | वडा नं. २ अध्यक्ष | |
| ५ | अकिल बहादुर कार्की | वडा नं. ३ अध्यक्ष | |
| ६ | धनबहादुर छत्याल | वडा नं. ४ अध्यक्ष | |
| ७ | दल बहादुर सिंह | वडा नं. ५ अध्यक्ष | |
| ८ | पदम बहादुर शाही | वडा न.. ६ अध्यक्ष | |
| ९ | बल बहादुर खंत्री | वडा नं. ७ अध्यक्ष | |
| १० | रंगमल रोकाया | वडा नं. ८ अध्यक्ष | |
| ११ | आइती ऐडी | कार्यपालिका सदंस्य ६ | |
| १२ | बासु कामी | कार्यपालिका सदस्य २ | |
| १३ | याङ्गी थापा | कार्यपालिका सदस्य ३ | |
| १४ | सुपारी शाही | कार्यपालिका सदस्य ५ | |
| १५ | ज्ञानसिंह विक | कार्यपालिका सदस्य ७ | |
| १६ | रतिवाने वि. क. | कार्यपालिका सदस्य ७ | |
| १७ | कृष्ण केशा आचार्य | प्रदेश सांसद | |

**प्रस्तावहरु:**

१. गाउँपालिकाको नि.प्र.प्र.अ. को जिम्मेवारी दिने सम्बन्धमा ।

२. जिम्मेवारी दिने (स्वास्थ्य, शिक्षा, प्राविधिक शाखा) सम्बन्धमा ।

३. करार सेवा नविकरण सम्बन्धमा ।

४. स्थानीय दररेट अनुमोदन सम्बन्धमा ।

५. विविध सम्बन्धमा ।

## निर्णयहरु:

**निर्णय नं. १**

प्रस्ताव नं. १ माथि छलफल गर्दा सर्केगाड गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री शान्ति लामाको सत्य निरुपण तथा मेलमिलाप आयोगमा सरुवा भइ रमाना लिएर यस कार्यालयबाट बिदा भइसक्नु भएको र यस गाउँपालिकामा कार्यरत रहेका अधिकृतस्तरका कर्मचारीहरुमध्ये जेष्ठतामा रहेका सि.अ.हे.ब. छैठौं उब्जन रोकाया र पशु स्वास्थ्य सेवा अधिकृत छत्र बहादुर शाही रहेकोमा निजहरुले विविध कारणले उक्त जिम्मेवारी लिन नसक्ने भनि निवेदन गरेको हुँदा, अधिकृत छैठौं(प्रशासन) कृष्ण केशर आचार्यलाइ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रमुख प्रशासकीय अधिकृत सिफारिस भइ नआए सम्मका लागि निमित्त प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी दिइ आर्थिक अख्तियारी प्रदान गर्न संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं. २ माथि छलफल गर्दा सर्केगाड गाउँपालिका शिक्षा युवा तथा खेलकुद शाखामा शाखा प्रमुखको रुपमा साविक श्रोतव्यक्ती समेत रहेका श्री भवानी आधारभूत विद्यालय गोठी प्रा.वि. द्वितिय तहमा कार्यरत शिक्षक बिरजन शाहीलाइ कामकाजका लागि खटाउदै आएकोमा कर्णाली प्रदेश लोक सेवा आयोगबाट प्रा.स. (शिक्षा) सहायकस्तर पाँचौं दिपा कुमारी शाही सिफारिस भइ आइसकेको भएता पनि निज दिपा कुमारी शाहीले आफ्नो बच्चा सानो (६ महिनाको) रहेको र आफ्नो व्यक्तीगत कारण एवम शिक्षा युवा तथा खेलकुद शाखाको जिम्मेवारी धेरै हुने हुनाले शाखा प्रमुखको रुपमा कामकाज गर्न नसक्ने भएको हुँदा आफु सहायक भूमिकामा रहि कामकाज गर्न र साविकदेखि कामकाज गर्दै आइरहेका बिरजन शाहीलाइ शाखा प्रमुखको रुपमा जिम्मेवारी प्रदान गरिदिन अनुरोध गरेको हुँदा श्री भवानि आधारभूत विद्यालय गोठीमा प्रा.वि. द्वितिय श्रेणीमा कार्यरत बिरजन शाहीलाइ अर्को व्यवस्था नभएसम्मका लागि गाउँपालिकाको शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखको जिम्मेवारी दिइ कामकाजमा खटाउने निर्णय गरियो ।

ठान बहादुर रोकाया
अध्यक्ष

कृष्ण केशर आचार्य
नि. प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३**

प्रस्ताव नं. २ माथि छलफल गर्दा यस सर्केगाड गाउँपालिकाको स्वास्थ्य शाखामा संयोजकको रुपमा जनस्वास्थ्य अधिकृत किरण बुढाथोकी अधिकृतस्तर छैठौं कार्यरत रहेको, साथै कर्मचारी समायोजन ऐन, २०७५ अनुसार यस गाउँपालिकामा समायोजन भइ आएका क्ष.कु.सु.नि. अधिकृतस्तर छैठौं सन्तोष धामी विशेष अदालत २०७८ चैत्र देखि निलम्बनमा रहेकोमा सफाइ पाइ आएकोमा निज सन्तोष धामी पदिय रुपमा शाखा संयोजक किरण बुढाथोकी भन्दा जेष्ठ भए तापनि दुबै अधिकृतस्तर छैठौं तहमा कार्यरत रहेको, स्वास्थ्य संयोजक किरण बुढाथोकीको कार्यसम्पादन विगत दुइ वर्षदेखि प्रभावकारी रहेकोले गाउँपालिकाको स्वास्थ्यसम्बन्धी सूचकहरुमा सुधार आइ स्वास्थ्य अवस्था राम्रो देखिएको तथा निज सन्तोष धामी क्षयरोग कुष्ठरोग सुपरभाइजर निरीक्षक रहेको र निजको दरबन्दी स्थानीय तहमा नहुने भएको हुँदा निज सन्तोष धामीलाइ निजको स्थायी दरबन्दी कायम रहने संघीय तथा प्रदेश कार्यालयहरुमा समायोजन संशोधन गरिदिन संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सेवा विभागमा अनुरोध गर्ने एवम समायोजन संशोधन हुने समयसम्मका लागि निजलाइ समेत गाउँपालिकाको स्वास्थ्य शाखामा कामकाजका लागि जिम्मेवारी दिने र स्वास्थ्य शाखा संयोजकको रुपमा किरण बुढाथोकीलाइ नै निरन्तरता दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं. २ माथि छलफल गर्दा गाउँपालिकाको प्राविधिक शाखा प्रमुखको रुपमा कार्यरत इन्जिनियर रामराज शाही निलम्बनमा रहेको हुँदा अर्को व्यवस्था नहुञ्जेलसम्मका लागि प्राविधिक शाखा प्रमुखको जिम्मेवारी हाललाइ सर्केगाड गाउँपालिकामा कार्यरत सब इन्जिनियर रमेशराज बडुलाइ दिने निर्णय गरियो ।

**निर्णय नं. ५**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा वडा कार्यालय र अन्तर्गतका कार्यालयमा आर्थिक वर्ष ०८०/०८१ मा करार सेवामा लिइएका तपशिल बमोजिमका कर्मचारीहरुको करार सेवा नविकरण गरी २०८१ पौष मसान्तसम्मका लागि निजहरुलाइ करार सेवामा लिने निर्णय गरियो । साथै निजहरुको करार सेवा शर्त तथा सुविधा करार सम्झौतामा उल्लेख गरिए बमोजिम हुने निर्णय गरियो ।

ठान बहादुर रोकाया
अध्यक्ष

कृष्ण किशोर आचार्य
प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ६**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा सर्केगाड गाउँपालिकाको आ.व. ०८१/०८२ को लागि सार्वजनिक कोषबाट हुने जुनसुकै प्रकारको खरिद कार्यका लागि निर्माण सामग्री, ढुवानी, मेसिन उपकरणको भाडा तथा अन्य भाडा, श्रमिकको ज्याला लगायत अन्य कार्य एवम सामग्रीहरुको स्थानिय दररेट निर्धारणका सम्बन्धमा गाउँपालिकाको स्थानिय दररेट निर्धारण समितिले तयार गरि सिफारिस गरेको स्थानीय दररेटलाइ स्वीकृत गर्ने निर्णय गरियो ।

ठान बहादुर रोकाया
अध्यक्ष

कृष्ण केशर आचार्य
नि. प्रमुख प्रशासकीय अधिकृत

CamScanner